# सूर्योदय नगरपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा(पहिलो संशोधन) नियमावली, २०७७

कार्यपालिकाबाट स्वीकृत मिति : २०७७/०५/१९

**प्रस्तावना**

सूर्योदय नगरपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा नियमावली, २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, सूर्योदय नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी सूर्योदय नगरपालिकाले देहायका नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यी नियमहरुको नाम सूर्योदय नगरपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा (पहिलो संशोधन) नियमावली, २०७७ रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** (१) विषय वा प्रसंगले अन्य अर्थ नलागेमा यस नियमावलीमा

(क) "मुल नियमावली" भन्नाले सूर्योदय नगरपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा नियमावली, २०७६ लाई बुझाउनेछ ।

३. **मुल नियमावलीको नियम २५ मा संशोधन :** (१) उपदफा (२) मा रहेको कम्तिमा प्रत्येक चौमासिकमा एक पटक बस्नेछ भन्ने शव्दको सट्टा आवश्यकतानुसार भन्ने शब्द राखिएको छ ।

४. **नियम ३१ मा संशोधन :** नियम ३१ पछि देहाय अनुसार नियम ३१क. थप गरिएको छ ।

३१क. (१) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ ।

क. विद्यालयको संस्थापक वा लगानीकर्ताहरुमध्येबाट सम्बन्धित विद्यालयको सिफारिसमा नगर शिक्षा अधिकारीले मनोनित भएका व्यक्ति – अध्यक्ष

ख. सम्बन्धित वडाको वडाध्यक्ष वा वडाध्यक्षले तोकेको सदस्य एक जना -सदस्य

ग. अविभावकहरुमध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एकजना महिला अविभावक — सदस्य

घ. स्थानीय शिक्षाप्रेमी वा समाजसेवीहरुमध्येबाट नगर शिक्षा अधिकारीले मनोनित गरेको एक जना — सदस्य

ङ. नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाका शाखा प्रमुख वा अधिकृत — सदस्य

च. सम्बन्धित विद्यालयको शिक्षकहरुले आफूहरुमध्येबाट छानी पठाएको एकजना शिक्षक — सदस्ष

छ. विद्यालयको प्रधानाध्यापक — सदस्य सचिव

२. उपनियम १ बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ । त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा नगर शिक्षा समितिले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ । तर त्यसरी पदबाट हटाउनु अघि वा समिति विघटन गर्नु अघि आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

३. संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

क. विद्यालय सञ्चालनका लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने

ख. विद्यालयको लागि आवश्यक भौतिक साधनको व्यवस्था गर्ने

ग. विद्यालयको चल अचल सम्पत्तीको सूरक्षा र संरक्षण गर्ने

घ. विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्ने

ङ. विद्यालयले नगरपालिकाले तोके बमोजिमको पाठ्यक्रम तथा पाठ्यपुस्तक अनिवार्य रुपमा लागु गर्ने।

च. अध्ययन अनुमतिपत्र लिई प्रचलित कानुन बमोजिम शिक्षक पदको लागि उम्मेद्वार हुन योग्यता पुरा गरेका व्यक्तिलाई शिक्षक पदमा नियूक्ति गर्ने।

छ. नेपाल सरकारले तोकेको न्यूनतम तलब स्केललाई आधार मानी शिक्षकलाई तलब दिने।

ज. अनुसाशनहीन शिक्षकउपर कार्यवाही गर्ने।

झ. शिक्षा ऐन तथा नियमावली तथा अन्य कानुनमा उल्लिखित व्यवस्थाका अतिरिक्त नगरपालिकाबाट जारी शिक्षाक्षेत्र संग सम्बन्धित सबै नीति नियम तथा निर्देशनहरु पूर्ण रुपमा पालना गर्नुपर्ने ।

ञ. शिक्षक तथा कर्मचारीहरुलाई तालिम तथा गोष्ठीमा पठाउने ।

५. **नियम ५६ मा संशोधन :** (१) नियम ५६ पछि नियम ५६क. थप गरिएको छ ।

५६क. शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) अनुसूची -१२ बमोजिम गरिने छ ।

६. **अनुसूचि १२ मा संशोधन** : (१) अनुसूची १२ को सट्टा देहायको अनुसूची १२ राखिएको छ ।

अनुसूची –१२

(नियम ५६ उपनियम (२) सँग सम्बन्धित) **विद्यालयमा रहने शिक्षक दरवन्दी**

विद्यालयमा कम्तीमा देहाय बमोजिम शिक्षक दरबन्दी रहनेछन्:

**(क) पूर्व प्राथमिक विद्यालय** पूर्व प्राथमिक विद्यालयमा एकजना शिक्षक ।

**(ख) प्राथमिक विद्यालयमा पचास जना सम्म विद्यार्थी भएमा कम्तीमा२ जना र सोभन्दा बढी विद्यार्थी भएमा कम्तीमा तीन जना शिक्षक ।**

**(ग) निम्न माध्यमिक विद्यालयमा**

१) छ देखि ८ कक्षासम्म सञ्चालन भएको विद्यालयमा निम्न माध्यमिक तहको चारजना शिक्षक ।

२) १ कक्षा देखि ८ कक्षासम्म सञ्चालन भएको विद्यालयमा देहाय बमोजिमका कम्तीमा सात जना शिक्षक।

अ) अंग्रेजी मुल विषय लिई प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको एक जना ।

आ) विज्ञान वा गणित विषय लिई प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको एक जना ।

इ) नेपाली वा संस्कृत मूल विषय लिई प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको एक जना ।

ई) सामाजिक विषय अध्यापन गर्नको लागि प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको एक जना ।

उ) एसएलसी वा सो सरह उत्तीर्ण गरेको तीनजना ।

**(घ) माध्यमिक विद्यालयमाः**

१) ९ देखि १२ कक्षासम्म सञ्चालन भएको विद्यालयमा ८ जना शिक्षक ।

२) ६ देखि १० कक्षासम्म सञ्चालन भएको विद्यालयमा देहाय बमोजिमको कम्तीमा ९ जना शिक्षक ।

अ) अंग्रेजी मूल विषय लिई स्नातक वा सो सरह उत्तीर्ण गरेको एकजना ।

आ) गणित वा विज्ञान मूल विषय लिई स्नातक वा सो सरह उत्तीर्ण गरेको एकजना ।

इ) नेपाली मूल विषय लिई स्नातक वा सो सरह उत्तीर्ण गरेको एकजना ।

ई) सामाजिक विषय अध्यापन गर्नको लागि स्नातक वा सो सरह उत्तीर्ण गरेको एकजना ।

उ) अन्य ऐच्छिक विषयको लागि सम्वन्धित विषयमा स्नातक वा सो सरह उत्तीर्ण गरेको एकजना ।

ऊ) गणित वा विज्ञान मूल विषय लिई प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको एकजना ।

ऋ) अंग्रेजी मूल विषय लिई प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेकव एकजना ।

ऌ) अन्य विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको २ जना ।

३) १ कक्षादेखि १० कक्षासम्म सञ्चालन भएको विद्यालयमा खण्ड (ग) को उपखण्ड (२) बमोजिमको दरबन्दीमा प्राथमिक तहको कम्तीमा तीनजना शिक्षक रहनेछ ।

४) कक्षा ९ देखि १२ सञ्चालन भएको विद्यालयमा खण्ड (घ) को २ को अ, आ, इ, ई, उ,ऊ सम्मका कम्तीमा ५ जना शिक्षक तथा स्नातकोत्तर उत्तीर्ण कम्तीमा ३ जना शिक्षक गरी जम्मा ८ जना शिक्षक रहने छन् ।

५) कक्षा १ देखि १२ सम्म सञ्चालन भएको विद्यालयमा प्राथमिक तहको कम्ती मा ३ जना, निम्न माध्यमिक तहको कम्तीमा ४ जना र माध्यमिक तहको माथि (४) नं. मा उल्लिखित शिक्षक दरबन्दी रहने छन् ।

६) खण्ड ग को उपखण्ड २ को अ, आ, इ र ई सम्मका एक एक जना शिक्षक नियुक्ति नभएसम्म एउटै विषयमा एक भन्दा बढी शिक्षक नियुक्ति गरिने छैन ।

७) खण्ड घ को उपखण्ड २ को अ, आ, इ र ई सम्मका एक एक जना शिक्षक नियुक्ति नभएसम्म एउटै विषयमा एक भन्दा बढी शिक्षक नियुक्ति गरिने छैन ।

८) माथि क ,ख,ग र घ मा जुनसुकै कुरा लेखिएको भएतापनि प्राथमिक (१-५), निम्न माध्यमिक (६-८), माध्यमिक (९-१०), उच्च माध्यमिक (११-१२) सञ्चालन भएका विद्या लयमा मौजुदा विद्यार्थी संख्या , पठनपाठनको माध्यम, संचालित कक्षा कोठा संख्या/ सेक्सन, प्राविधिक धार, विशेष कक्षा सञ्चालन तथा पुल दरबन्दी समेतलाई आधार मानी दरबन्दी मिलान तथा विवरण गरिनेछ ।

**द्रस्टव्य**

१. शिक्षक नियुक्तिका लागि आवश्यक पर्ने तालिम प्रचलित कानुन बमोजिम हुनेछ ।

२. हाल विद्यालयमा उपरोक्तानुसार विषयका योग्यता भन्दा कम योग्यता भएका स्थायी शिक्षक रहेछन् भने त्यस्ता शिक्षक पदवाट नहटेसम्म साविक बमोजिमकै योग्यता भएको शिक्षकबाट अध्यापन हुनेछ ।

३. उल्लिखित दरबन्दी भित्र प्रधानाध्यापकको पद समेत समावेश रहनेछ ।